नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिँहदरबार, काठमण्डौं

( स्थानीय तह समन्वय शाखा )

पत्र संख्याः २०७४/७५

चलानी नं. : ९५८

मिति : २०७५। ०१ । २७

श्री महा / उपमहा / नगरपालिका सबै,

विषयः कार्यालयमा आवद्धका लागि समन्वय र सहजीकरण सम्बन्धमा ।

नेपाल सरकारका नव-नियुक्त राजपत्राङ्कित तृतीय श्रेणीका अधिकृतहरूका लागि नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा सञ्चालन भइरहेको ३२औं आभारभूत प्रशिक्षण (Basic Administration Training) कार्यक्रम अन्तर्गत प्रशिक्षार्थी अधिकृतहरूलाई प्रशासन, विकास व्यवस्थापन एवं सार्वजनिक सेवा प्रवाह सम्बन्धी व्यवहारिक सीप र ज्ञान हासिल गराउने उद्देश्यले मिति २०७५।१।२७ गतेदेखि मिति २०७५।३।२४ गतेसम्म ६० दिनको कार्यालय अवद्धता कार्यक्रम राखिएको र आवद्धता अवधिभर प्रशिक्षार्थीहरूलाई कार्यालयका सबै फाँटहरूमा खटाई काममा लगाउनका लागि संलग्न पत्रमा उल्लेखित जिल्ला सदरमुकामस्थित महा/उपमहा/नगरपालिकामा समन्वय र सहजीकरण गरिदिनुहुन अनुरोध छ भनि प्रतिष्ठानवाट लेखि आएकोले सोही बमोजिम आवश्यक समन्वय र सहजीकरण गरिदिनुहुन आदेशअनुसार अनुरोध छ ।

(जनकराज शर्मा)

शाखा-अधिकृत

बोधार्थः

श्री नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर ।

श्री सूचना शाखाः website मा upload गरिदिनु हुन ।

# नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
## Nepal Administrative Staff College
"...... devoted to making differences positively."


प.सं. PSTD-BAT-61
Ref.

मिति: २०७५ १ ...

श्रीमान् सचिबज्यू
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

**विषय: कार्यालय आवद्धता (Internship) का लागि समन्वय र सहजीकरण गरिदिनु हुन ।**

*जिल्लाहरु : अर्घाखाँची, बाग्लुंग, बाँके, बरा, बर्दिया, चितवन, डडेल्धुरा, दैलेख, दांग, धादिंग, धनकुटा, धनुषा, दोलखा, डोटी, गोरखा, गुल्मी, इलाम, झापा, कैलाली, कंचनपुर, कपिलवस्तु, कास्की, लम्जुंग, महोत्तरी, मकवानपुर, मोरंग, स्यागदी, नवलपरासी, नवलपरासी पूर्व, नुवाकोट, पाल्पा, पर्वत, पर्सा, प्युठान, रामेछाप, रौतहट, रोल्पा, रुकुम, रुपन्देही, सल्यान, सप्तरी, सर्लाही, सिन्धुली, सिन्धुपाल्चोक, सिरहा, सुनसरी, सुर्खेत, स्याङ्जा, तनहुँ, उदयपुर*

नेपाल सरकारका नव-नियुक्त राजपत्राङ्कित तृतीय श्रेणीका अधिकृतहरूका लागि यस प्रतिष्ठानमा सञ्चालन भइरहेको ३२औं आधारभूत प्रशासन प्रशिक्षण (Basic Administration Training) कार्यक्रम अन्तरगत प्रशिक्षार्थी अधिकृतहरूलाई प्रशासन, विकास व्यवस्थापन एवम् सार्वजनिक सेवा प्रवाह सम्बन्धी व्यवहारिक सीप र ज्ञान हासिल गराउने उद्देश्यले मिति २०७५ १ २७ गतेदेखि मिति २०७५ ३ २४ गतेसम्म ६० दिनको कार्यालय आवद्धता कार्यक्रम राखिएको छ ।

कार्यालय आवद्धताको लागि सामान्य प्रशासन एवम् विकास प्रशासन सम्बन्धी जम्मा तीन वटा कार्यालयहरू– जिल्ला प्रशासन कार्यालय, सदरमुकामस्थित मालपोत कार्यालय र नगरपालिका छनौट गरिएको छ । प्रशिक्षार्थी अधिकृतहरूलाई संलग्न निर्देशिकामा उल्लेख भए बमोजिम ३०-३० दिनको आलोपालोमा छनौट गरिएकामध्ये जम्मा २ वटा कार्यालयमा आवद्ध हुने गरी खटाइएको छ । सो अवधिभर सम्बन्धित कार्यालयको सुपरिवेक्षक, कार्यालय प्रमुख एवम् प्रमुख जिल्ला अधिकारीबाट नियमित रुपमा उनीहरुको सिकाइ, कार्यसम्पादन तथा आचरण, व्यवहारको अनुगमन एवम् मूल्याङ्कन हुने व्यवस्था रहेको छ ।

सेवाप्रवेश प्रशिक्षणको महत्वपूर्ण चरणका रुपमा रहेको कार्यालय आवद्धताबाट हासिल गर्ने सीप, ज्ञान एवम् प्रदर्शन गर्ने कार्यसम्पादन क्षमता तथा आचरण, व्यवहारले प्रशिक्षार्थी अधिकृतहरूलाई पदस्थापन पश्चात् सहज र कुशलतापूर्वक जिम्मेवारी बहन गर्न, प्रभावकारी ढँगले नवीन सोचका साथ सेवा प्रवाह गर्न र परिवर्तनका संवाहक तथा सुशासन प्रवर्द्धकका रुपमा क्रियाशील रहन अत्यन्त महत्वपूर्ण भूमिका खेल्ने हुँदा कार्यालय आवद्धता अवधिभर प्रशिक्षार्थीहरूलाई कार्यालयका सबै फाँटहरूमा खटाई काममा लगाउनकालागि माथि उल्लेखित जिल्ला सदरमुकामस्थित महा/उपमहा /नगरपालिकामा समन्वय र सहजीकरण गरिदिनुहुन अनुरोध गर्दछु ।

संलग्न :
१ कार्यालय आवद्धता सम्बन्धी निर्देशिका, २०७४
२. प्रशिक्षार्थी अधिकृतहरूको नामावली

(नारायण गोपाल मलेगो)
वरिष्ठ निर्देशक
सार्वजनिक सेवा प्रशिक्षण विभाग